उदयपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी,उदयपुर

१ नं. प्रदेश,नेपाल

## शिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक पत्रिकामा सूचना प्रकाशित मितिः-२०७९-०६-३०

१.उदयपुरगढी गाउँपालिकाको आ.व.०७९/८० का लागि स्वीकृत कार्यक्रमबाट तपशिल बमोजिमको सामग्री खरीद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/ कम्पनिहरुलाई उल्लेखित शर्तहरुको अधिनमा रहि रीतपूर्वक विघुतीय खरिद प्रक्रिया (E-bid) मार्फत सहभागी हुन जानकारीको लागि यो शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. र प्रकार | कामको विवरण | लागत अनुमान रकम (VAT बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद रकम रु. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | URM/Med/Goods/01-2079/80 | Procurement for Purchase and Supplies of Medical Goods | १३,८१,५९९.५९/- | ३५,०००/- | १,०००/- | २०७९-०७-१७ समयः- १२:०० बजे | २०७९-०७-१७ समयः- १३:०० बजे | सानिमा बैंक, राजस्व खाता नं.:- १२४०१००४००००००१ धरौटी खाता नं.:- १२४०१००४०००००१५ उदयपुरगढ़ी शाखा |

**दरभाउपत्र सम्बन्धी शर्तहरुः-**

१.यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले **१५ औं दिनको** कार्यालय समयभित्र नवीकरण गरेको कम्पनि दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता इजाजत पत्र, स्थानी लेखा नं/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७७/७८ को करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी **दरभाउपत्र फारम खरिद दस्तुर रकम** पछि फिर्ता नहुने गरी श्री **सानिमा बैंक,** उदयपुरगढ़ी शाखा, उदयपुरमा रहेको यस कार्यालयको नाम **उदयपुरगढी गाउँपालिका(कार्यालयको कोड नं. ८०१०११९०५)मा** रहेको राजश्व **खाता नं. १२४०१००४००००००१** मा नगद जम्मा गरी दरभाउपत्र खरिद गर्न सकिने छ ।

२.दरभाउपत्र फारम साथ जमानत बापत रकम श्री **सानिमा बैंक,** उदयपुरगढ़ी शाखा, उदयपुरमा रहेको उदयपुरगढी गाउँपालिकाको धरौटी **खाता नं. १२४०१००४०००००१५** मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको दरभाउपत्र जमानत **(बिडबण्ड)** को सक्कल प्रति पेश गर्नु पर्नेछ । यस्तो जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट **७५ (पचहत्तर)** दिनको म्याद अवधि भएको हुनु पर्नेछ ।

३. दरभाउपत्र फारमको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी अधिकार प्राप्त व्यक्तिले सही छाप गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेसम्म गाउँकार्यपालिकाको कार्यालय, उदयपुरगढी, उदयपुरको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. स्पष्ट खुलाई सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय प्रणाली www.bolpatra.gov.np मार्फत आवश्यक सम्पूर्ण कागजातहरु साथ दर्ता गराउनु पर्नेछ ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

४. म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु **१६ औं दिनको** १:०० बजे यस उदयपुरगढी गाउँपालिकाको हाताभित्र खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरुको अनुपस्थितिमा समेत दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६. कुनै शर्त राखी पेश गरेको, सूचनाको शर्त विपरित भएको, उपलब्ध गराइएको दरभाउपत्र फारममा थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. नक्कली कागजात पेश गरी वा मिलेमतो गरी दरभाउपत्रमा भाग लिएको पाइएमा त्यस्ता दरभाउपत्रदाताको दरभाउपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ ।

८. प्राप्त दरभाउपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. दरभाउपत्र खरिदकर्ताले सार्वजनिक खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको, सम्बन्धित पेशा व्यवसायमा कुनै सजाय नपाएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयको कालोसूचीमा नपरेको भनी लिखित कवोल गरेको स्वःघोषण पत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१०. दरभाउपत्रदाताले  दरभाउपत्र  पेश गर्नु अघि सम्भावित जोखिम प्रति स्वयंम् उत्तरदायी भई आपुर्ति गर्नुपर्ने सामाग्री लगायत सम्पूर्ण पक्षको जानकारी लिएको मानिने छ ।

११. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१२. दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्न परेमा सार्बजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp हेर्नुहुन वा मो.नं. ९८४५२३०८२७,९८५२८३५२७८ ९८४००३२६८२ मा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत